अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौडाबाट **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन"** सम्बन्धी पालिकास्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न।

यस कार्यालयको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम मिति २०७९/०५/३१ गते जिल्ला समन्वय समिति चितवनको सभाहलमा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित स्थानीय तहहरुका प्रमुख/अध्यक्षहरु, उपप्रमुख/उपाध्यक्षहरु, जिल्लास्थित कार्यालय प्रमुखहरु,क्याम्पसका प्रमुखज्यूहरु, सुरक्षा निकायका प्रमुखहरु, माध्यामिक विद्यालयका प्राचार्यहरु, व्यवस्थापन समितिका अध्यक्षहरु, गैरसरकारी संस्था महासंघ, उद्योग वाणिज्य संघ, नेपाल पत्रकार महासंघ नेपाल रेडक्रस FECOFUN का प्रतिनिधिहरु, भ्रष्टाचार नियन्त्रण तथा सुशासनको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था, नागरिक निगरानी समूहका प्रमुख तथा प्रतिनिधिहरु लगायत १६७ जनाको उपस्थितिमा "**भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन**" विषयक जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।